# धुनिवेशी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बागमती प्रदेश धादिङ

## आ.व. ०८०/८१ को लागि आन्तरिक आयको ठेक्का वन्दोवस्त गर्ने सम्वन्धी वोलपत्र आवहानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८०।४।३०**

स्थानीय सरकार संचालन ऐन २०७४ तथा धुनिवेशी नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७५ बमोजिम यस नगरपालिका क्षेत्र भित्र देहाय अनुसार आ.व. ०८०/८१ को लागि आन्तरिक आय सम्वन्धी ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले तपशिल बमोजिमको काममा तपशिल बमोजिमको दर रेटमा कर उठाउने ठेक्का लिन ईच्छुक (मु.अ. कर दर्ता प्रमाण पत्र, आ.व. २०८०/०८१ सम्मको फर्म नवीकरण, आ.व. २०७८/०७९ को आयकर चुक्ता प्रमाण पत्र भएको) फर्म वा कम्पनीवाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी योग्य र इच्छुक फर्म, कम्पनि वा बोलपत्र दाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको **www.bolpatra.gov.np/egp** मार्फत वोलपत्र पेश गर्न यो सूचना सम्वन्धित सबैको जानकारीको लागि प्रकाशन गरिएको छ। रीत नपुगी वा म्याद नाघी प्राप्त हुन आएका वोलपत्र उपर कुनै कारवाही गरिने छैन।

| सि.नं. | ठेक्का नं. | ठेक्काको किसिम | ढुगां, गिटी,वालुवा, ग्रावेल,वेस संकलन गर्न वा विक्री शुल्क उठाउन पाउने परिमाण र क्षेत्र | स्वीकृत दररेट मु.अ.कर वाहेक | न्यूनतम अंक (मु.अ. कर सहित) रु. | वोलपत्र फाराम दस्तुर रु. | धरौटी रकम |
|---|---|---|---|---|---|---|---|
| १ | राजस्व १।०८०/०८१ | ढुगां, गिटी, वालुवा, वेस, ग्रावेल संकलन तथा विकी शुल्क उठाउने कार्य | कोल्पुखोला क्षेत्र ११,७८,९१६।४८ क्यूफिट<br>सुर्गुरेखोला क्षेत्र५,४१,३०१।०४ क्यूफिट<br>स्वस्तिका रोडा ढुगां उद्योग ६,६६,७९२ क्यूफिट<br>जय सिद्धि रोडा ढुगाँ उद्योग १६,९३,४४० क्यूफिट<br>देउराली उर्वरा कृषि चुन उद्योग १५,८७,६०० क्यूफिट | प्रति क्यू फिट ९।०० (नौ) रुपैया, | ५,७६,४४,०६३।- पाँच करोड छयत्तर लाख चौवालिस हजार त्रिसठ्ठी रुपैया मात्र | ५,०००।- (पाँच हजार मात्र) | २८,८३,०००।- (अठ्ठाइस लाख त्रियासी हजार मात्र) |
| २ | राजस्व २।०८०/०८१ | पुर्वाधार (सडक) उपयोग शुल्क उठाउने कार्य | धुनिवेशी नगरपालिका क्षेत्रका राष्ट्रिय राजमार्ग बाहेकका सडकहरु | निजि तथा भाडाका बस ट्रक, ट्रिपर प्रति टिप रु १००।-<br>मिनी बस तथा मिनिट्रक, आइचर प्रति टिप रु ७५।-<br>निसान लगायत मालवाहक साना सवारी साधन प्रति टिप रु ५०।-<br>भाडाका ट्याक्सी, जीप, माइक्रो बस प्रति टिप रु २५।- | ३९,५५,०००।- (उन्चालिस लाख पचपन्न हजार मात्र) | ३०००।- (तीन हजार मात्र) | १,९८,०००।- (एक लाख अन्ठानब्बे हजार मात्र) |
| ३ | राजश्व ३।८०/८१ | विज्ञापन कर उठाउने कार्य | धुनिवेशी नगरपालिका क्षेत्र | क) कपडा र फ्लेक्स सबै किसिमको विज्ञापन प्रतिवर्ग फिट रु. ६५।-<br>ख) स्थायी प्रकृतिका होडिङवोर्ड प्रतिवर्गफिट रु.६५।-<br>ग) पटके होडिङवोर्ड प्रतिवर्ग फिट रु. २०।-<br>घ) वाल पेन्टिङ प्रति वर्ग फिट रु. ३५।-<br>ङ) सटर पेन्टिङ प्रति वर्ग फिट रु.१०।- | ११,३०,०००।- (एघार लाख तीस हजार मात्र) | ३०००।- (तीन हजार मात्र) | ५७,०००।- (सन्तावन्न हजार मात्र) |
| ४ | राजश्व ४।८०/८१ | इट्टा विकी शुल्क उठाउने कार्य | धुनिवेशी नगरपालिकामा रहेका इट्टा उद्योगवाट उत्पादन भइ विकी हुने इट्टा | प्रति इट्टा ०।१५ (पन्ध्र पैसा मात्र) | ५६,५०,०००।- (छपन्न लाख पचास हजार मात्र) | ३०००।- (तीन हजार मात्र) | २,८३,०००।- (दुइ लाख त्रियासी हजार मात्र) |
| ५ | राजश्व ५।८०/८१ | कवाडी कर संकलन कार्य | धुनिवेशी नगरपालिका क्षेत्र | वोतल वाहेकका सबै किसिमका कवाडी प्रति किलो रु. १ (एक रुपैया)<br>खाली वियर वोतल प्रति गोटा ०।५० (पचास पैसा)<br>अन्य वोतल प्रति गोटा ०।२५ (पच्चीस पैसा) | २२,६०,०००।- (वाइस लाख साठी हजार मात्र) | ३०००।- (तीन हजार मात्र) | १,८३,०००।- (एक लाख त्रियासी हजार मात्र) |

**राजश्व तथा धरौटी जम्मा गर्ने बैकको नाम : राष्ट्रिय वाणिज्य बैंक, शाखा: खानीखोला**
**खातावालाको नाम: धुनिवेशी नगरपालिका**
**बैंक खाता नं. : १०८०१००३०३००००३ (धरौटीको रकम जम्मा गर्नका लागि)**
**बैंक खाता नं. : १०८०१००३०१०१०००३ (बोलपत्र दस्तुर जम्मा गर्नको लागि)**

**शर्तहरु:**

१) बोलपत्र फारम भर्दा कबोल रकम अंक र अक्षर दुवैमा खुलाउनु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख भएको रकमलाई मान्यता दिईनेछ। सारभुत रुपमा प्रभावग्राही र सबैभन्दा बढि रकम कबोल गर्ने बोलपत्रदाताको कवोल अंकको वोलपत्र स्वीकृत गरिनेछ।

२) बोलपत्र फारमहरुमा उल्लेख भएका सबै विवरणहरु भरी वोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी ३१ औं दिनको १२:०० बजे भित्र विद्युतिय प्रति दर्ता गर्नु पर्ने छ।

३) बोलपत्र सम्बन्धि कागजातहरु पेश गर्ने अन्तिम दिनको २:०० बजे वोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा यस कार्यालयमा बोलपत्र खोलिने छ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा खोलिने छ।

४) ठेक्का अवधि नगरपालिकासंग ठेक्का सम्भौता भएको मिति देखि २०८१ साल आषाढ मसान्त सम्म रहनेछ। कुनै पनि कारण देखाई क्षतिपुर्ती, मिनाहा, छुट आदिको लागी नगरपालिकामा निवेदन पेश गर्न पाईने छैन। नगरपालिकाले क्षतिपुर्ती, मिनाहा, छुट दिने छैन।

५) स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण **(IEE)** प्रतिवेदनले निषेध गरेको भारी मेशीन, उपकरण प्रयोग गर्न र तोकिएको समयावधिमा खोला क्षेत्रबाट सामाग्री उत्खनन् गर्न पाईने छैन। तर विभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामग्री बिक्री गर्न सकिनेछ।

६) नगरपालिकाको हितलाई मध्यनजर गरी कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

७) बोलपत्रमा कुनै किसिमको शर्त मान्य हुनेछैन। साथै रित नपुगी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।

८) तोकिएको समयमा तोकिएको किस्ता रकम अनिवार्य रुपमा बुझाउन पर्नेछ। समयमा रकम नबुझाएमा बार्षिक १० प्रतिशतका दरले हुन आउने व्याज तिर्नु पर्ने छ। तोकिएको समयमा किस्ता रकम नबुझाएमा पेश गरिएको बैंक जमानतवाट सम्झौता अनुसारको ठेक्का रकम असुल उपर गरिनेछ। सोमा ठेकेदारले कुनै किसिमको हर्जना दावी गर्न पाउने छैन।

९) वोलपत्र फारम भर्ने, पेश गर्ने, आवश्यक कागजात, कर संकलन प्रक्रिया, कर संकलन केन्द्र, सामग्री संकलनको परिमाण तथा संकलन प्रकिया आदिको बारेमा आवश्यक जानकारी लिनदिन वोलपत्रदाताहरुसंग छलफल गर्नको लागी यस कार्यालयमा बोलपत्रको सूचना प्रकाशन भएको मितिले ७ (सातौं) दिनको बिहान ११ बजे पूर्व वोलपत्र बैठक **(Pre bid meeting)** राखिएको छ।

१०) नेपाल सरकारलाइ बुझाउनुपर्ने मू.अ.कर वाहेकको आय कर तथा अन्य कर बुझाउनुपर्ने भएमा वोलपत्रदाताले छुट्टै सम्बन्धित निकायमा बुझाउनु पर्ने छ।

११) बोलपत्र स्वीकृत गर्न आसयको सुचना प्राप्त गरी निधारित समयमा कार्यालयमा सम्झौता गरी सक्नु पर्नेछ। तोकिएको समयभित्र सम्झौता गर्न नआएमा बोलपत्र दाताले राखेको धरौटी जफत हुनेछ र कालोसूचीमा राख्न लेखी पठाइने छ।

१२) बोलपत्र स्वीकृत रकम बमोजिमको ३० प्रतिशत रकम बुझाई सम्झौता गर्नु पर्नेछ र बाँकी अवधिको लागि बार्षिक कवोल अंकको ७० प्रतिशत बराबर रकममा १० प्रतिशत थप रकम सहितको २०८१ श्रावण मसान्त सम्म मान्य अवधि भएको बैंक जमानत पेश गर्नु पर्नेछ। बोलपत्रदाताले कवोल गरेको सम्पूर्ण रकम सम्झौताको समयमा नै बुझाएमा कवोल अंकको १० प्रतिशत छुट दिइनेछ।

१३) यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त बोलपत्र फारामसाथ संलग्न गरिएको आय ठेक्का सम्वन्धी अन्य शर्तहरुका प्रत्येक बुँदाहरु यसै सुचनाका शर्त सरह लागू हुनेछ। उल्लेखित शर्त पूरा नभएका बोलपत्रहरु मुल्यांकनमा समावेश गरिने छैन। यस शर्तमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन कानुन तथा ठेक्का स्वीकृति पश्चात गरिने सम्झौता अनुसार हुनेछ।

१४) नगरपालिकाले थप क्षेत्रमा बातावरणीय प्रभाव मूल्यांकन गरी क्षेत्र र परिमाण थप भएमा यो सूचना बमोजिमको बिक्री कर संकलन गर्न पाईने छैन। यस सम्बन्धमा नगरपालिकाले निर्णय गरे बमोजिम हुनेछ।

१५) नगरपालिका भित्रका राजमार्ग वाहेकका नगरपालिकाले तोकेका सडक विन्दुहरुमा मात्र पूर्वाधार (सडक) उपयोग शुल्क, इट्टा विकी शुल्क, कवाडी कर संकलन गर्न पाईने छ।

१६) निजी साना सवारी साधन, तरकारी, मासुजन्य, पशुपन्छीजन्य ढुवानीका साधन एवं दूध ढुवानी गर्ने सवारी साधन, फोहोर बोक्ने गाडीहरु, एम्बुलेन्स, विद्यालयका सवारी साधन, शवबाहन, दमकल,कुटनीतिक नियोगका सवारी साधन, संघिय, प्रदेश एवं स्थानीय सरकारका सरकारी सवारी साधनहरुमा कर संकलन गर्न पाईने छैन।

१७) यस नगरपालिका क्षेत्रको खोलाको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा प्रारम्भिक बातावरणिय प्रभाव मूल्यांकन, स्थानीय सरकार संचालन ऐन, २०७४, नगरपालिकाबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून एवं मापदण्ड बमोजिम हुने छ।